नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
मानवश्रोत व्यवस्थापन विभाग

मिति: २०७५/०७/०६

# करार सेवामा भर्ना सम्वन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका, इच्छुक तथा कुनै वातकसुर नलागेका योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकता, एसएलसी वा सो सरह र सो भन्दा माथिको तोकिएको शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र हाल सालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो तथा तोकिएको शुल्क सहित रितपूर्वक दरखास्त फारम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन.नं. | पद | तह | रिक्त पद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| २०७५/७६/०२ | प्रवन्धक (चाटर्ड एकाउन्टेन्ट) | ८ | ३ | मान्यताप्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै "क" वर्गको बैंकको अधिकृत तहमा न्युनतम २ वा "ख" वर्गको बैंकको ३ वर्षको अनुभव । |
| २०७५/७६/०३ | उप प्रवन्धक (चाटर्ड एकाउन्टेन्ट) | ७ | ७ | मान्यताप्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरेको । |

**सेवा शर्त र सूविधा :**

| | | | |
|---|---|---|---|
| १. | सेवाको किसिम | : | करार सेवा (२ बर्ष अवधि ) |
| २. | तलब तथा सुविधा | : | बैंकले तोके बमोजिम । |
| ३. | उमेर | : | प्रबन्धकको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको । उपप्रबन्धकको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेर हदमा पाँच वर्ष थप हुनेछ । |
| ४. | परीक्षा कार्यक्रम | : | पछि प्रकाशित गरिने छ । |
| ५. | दरखास्त फारम पाइने र बुझाउने स्थान | : | नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग, काठमाडौं । दरखास्त फारम यस बैंकको website: http//www.nepalbank.com.np बाट समेत Download गर्न सकिनेछ । |
| ६. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन ( २०७५/०७/२६ ) भित्र । अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट । |
| ७. | दरखास्त/परीक्षा दस्तुर | : | दुवै पदका लागि रु. ८००/- (आठ सय मात्र) ने.बैं.लि. काठमाडौं बैंकिङ्ग अफिस स्थित परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००१ मा यस बैंकका जुनसुकै शाखाबाट जम्मा गरी सोको सक्कल भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । बैंकको website बाट Download गरेको दरखास्त फारमको हकमा समेत उल्लेखित दरखास्त दस्तुर जम्मा गर्नुपर्नेछ । पुनश्चः रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको हकमा दरखास्त/परीक्षा दस्तुर फिर्ता हुने छैन । |
| ८. | पाठ्यक्रम | | लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nbl.com.np भित्र Career मा राखिएको छ । |